नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले, दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८०।०८१

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(दोस्रो प्रटक प्रकाशित मिति:- २०८१/०१/२५)

क्षयरोग मुक्त नेपाल घोषणा अभियान कार्यक्रम संचालनार्थ यस कार्यालयका लागि तपसिल अनुसारको जनशक्ति सेवा करारमा नियुक्त गर्नुपर्ने भएकाले देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले दोस्रो पटक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र माग बमोजिमको विवरण र यस कार्यालयको राजश्व शाखाबाट तोकिएको दस्तुर बुझाई सोको रसिद सहित कार्यालय समयभित्र यस कार्यालयको प्रशासन शाखामा दरखास्त पेश गर्न हुन सम्वन्धित सबैमा अनुरोध छ ।

तपशिल:

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| १ | ०१(स्वास्थ्य)/२०८०-०८१ | कार्यक्रम संयोजक | १ (एक) |

१. **आवश्यक न्यूनतम योग्यता:**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट BPH. वा स्वास्थ्य विज्ञानमा स्नातक तह उत्तीर्ण गरि सम्वन्धीत परिषदमा दर्ता भएको ।

ख. दरखास्त दिने अन्तिम मितिसम्म २१ बर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

ग. नेपाल बाहेक अन्य मुलुकबाट अध्ययन पुरा गरेको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट समकक्षता हाँसिल गरेको।

२. दरखास्त दिने स्थान: नौमूले गाउँपालिकाको कार्यालय, नौमूले, दैलेख ।

३. **दरखास्त दिने अन्तिम मिति:** २०८१/०१/३१ गते कार्यालय समयसम्म। दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि पल्टसम्म ।

४. **आवेदन दस्तुर:** रु. १०००/- अक्षरुपी एक हजार मात्र ।

५. **परीक्षाको किसिम:** लिखित परीक्षा तथा अन्तर्वार्ता परीक्षा ।

६. आवेदनका साथ आवश्यक संलग्न कागजातहरु:

आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु:

क. नेपाली नागरिकता प्रमाणपत्र,

ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र,

ग. चारित्रिक प्रमाणपत्र,

घ. तालिमको प्रमाणपत्र,

ङ. अनुभव भएमा सोको कागजात,

च. हालसालै खिचेको ३ (तीन) प्रति पासपोर्ट साईजको फोटो ।

७. सेवा सुविधा:नेपाल सरकारबाट सम्वन्धित कार्यक्रम कार्यान्वयनका लागि प्राप्त हुने बजेट अनुसार।

८. आवेदनको ढाँचा यस नौमूले गाउँपालिकाको website www.naumulemun.gov.np मा उपलब्ध हुनेछ ।

थप जानकारीका लागि ९७६९९६४०११ मा सम्पर्क गर्न सकिनेछ ।

(कृष्ण बहादुर खत्री)
नि.प्रमुख प्रशासकीय अधिकृत